**प्रेस विज्ञप्ति**

**भाद्र १०, २०८३**

# ५.९९ प्रतिशत स्थिर ब्याजदरको एन आई सी एशिया अटो लोन नाडा अटो सोको हिट अफर

एन आई सी एशिया बैंकले ग्राहक महानुभावहरूको आवश्यकता र बदलिँदो वित्तीय प्राथमिकतालाई ध्यानमा राखी 'NADA Auto Show 2026' को अवसरमा ल्याएको विशेष अटो लोन योजना ग्राहक महानुभावहरुमाझ लोकप्रिय बन्दै गएको छ। यही भाद्र ९ देखि १४ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा सञ्चालन भइरहेको 'नाडा अटो सो २०२६' को अवसरमा बैंकले ७ वर्षसम्म वार्षिक ५.९९ प्रतिशतको स्थिर ब्याजदरमा 'एन आई सी एशिया अटो लोन' योजना उपलब्ध गराइरहेको छ। नाडा अटो सोको पहिलो दिनदेखि नै यस कर्जा योजनाप्रति ग्राहक महानुभावहरूको उल्लेख्य आकर्षण बढिरहेको छ। विशेषगरी ७ वर्षसम्म ब्याजदर परिवर्तन नहुने गरी ५.९९ प्रतिशतको स्थिर ब्याजदर उपलब्ध हुने भएकोले ग्राहक महानुभावहरूले आफ्नो दीर्घकालीन वित्तीय योजना तथा मासिक कर्जा दायित्व सहज रूपमा व्यवस्थापन गर्न सक्ने विश्वास बैंकले लिएको छ।

ग्राहक महानुभावहरुलाई सवारी साधन खरिदसँगै कर्जा प्रक्रिया समेत सहज र छरितो रूपमा अघि बढाउन बैंकले नाडा अटो सोमा विशेष डिजिटल सुविधा उपलब्ध गराएको छ। ग्राहक महानुभावहरूले QR SCAN गरी आवश्यक विवरण भरेर कर्जाको योग्यता परीक्षण गर्न तथा तत्काल कर्जा स्वीकृतिपत्र प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ। स्वीकृति पश्चात ग्राहक महानुभावहरुले आवश्यक कागजात आफूलाई पायक पर्ने यस बैंकको शाखा कार्यालयमा उपलब्ध गराई बाँकी प्रक्रिया पूरा गर्न सक्नुहुनेछ। यस डिजिटल तथा सहज प्रक्रियाले ग्राहक महानुभावहरूलाई आफूले रोजेको सवारी साधन छनौटदेखि कर्जा प्रक्रियासम्मको काम एउटै स्थानबाट अघि बढाउन सहयोग पुर्‍याएको छ। बैंकको यस योजनाअन्तर्गत ग्राहक महानुभावहरूको रोजाइ अनुसार निजी, व्यावसायिक तथा विद्युतीय सवारी साधन खरिदका लागि छिटो, छरितो र भरपर्दो वित्तीय सुविधा उपलब्ध गराएको छ। यसबाट नाडा अटो सोमै सवारी साधन खरिद गर्ने निर्णय गर्न ग्राहक महानुभावहरूलाई थप सहज हुने अपेक्षा बैंकले लिएको छ। ७ वर्षसम्म ५.९९ प्रतिशतको अपरिवर्तनीय ब्याजदरमा उपलब्ध यस कर्जा सुविधाले सवारी साधन खरिदलाई थप व्यवस्थित बनाउने बैंकले विश्वास लिएको छ। व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने कालो नम्बर प्लेटका सवारी साधनको हकमा कर्जा अवधि ५ वर्ष कायम गरिएको छ।

ग्राहक महानुभावहरूले यस बैंकका कुनै पनि शाखा कार्यालयबाट अटो लोन लिन वा यससम्बन्धी थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ। साथै, 'NADA Auto Show 2026, Stall No. E24' मा उपस्थित भई 'एन आई सी एशिया अटो लोन' तथा बैंकका अन्य सुविधाहरूका बारेमा विस्तृत जानकारी लिन सक्नुहुने छ।

जयन्द्र बहादुर रावल

सहायक प्रमुख कार्यकारी अधिकृत (प्रमुख सूचना अधिकारी)